**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ**

| क.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| क. | निकायको स्वरुप र प्रकृति : | कम्पनी ऐन २०६३ अन्तर्गत रहने गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी सञ्चालित "घ" वर्गको लघुवित्त विकास बैंक । |
| ख. | निकायको काम कर्तव्य र अधिकार : | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ माव्यवस्था भए बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ। |
| ग. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | हाल कार्यरत कर्मचारी संख्या ९२४ रहेकोछ। बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ। व्यवस्थापन समूहको नाम र पद बैंकको वेबसाईट http://www.grameenbanknepal.com मा हेर्न सकिन्छ। |
| घ. | निकायबाट प्रदान गरिने सेवा : | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम 'घ'वर्गका बैंकले दिन सक्ने सेवाहरु। |
| ङ | सेवा प्रदान गर्ने निकायको शाखा रजिम्मेवार अधिकारीहरुको विवरण : | सेवा प्रदान गर्ने शाखाको सम्पर्क नम्बर यस बैंकको वेबसाईट http://www.grameenbanknepal.com मा उपलब्ध छ। |
| च. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि : | बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क, व्याजदर तथा अवधि यस बैंकको वेबसाईट http://www.grameenbanknepal.com मा प्रकाशन गरिएको छ। |
| छ. | निर्णय गर्ने प्रक्रिया र अधिकारी : | बैंकबाट प्रदान गर्ने सेवा सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले बैंकको विनियमावली, नीति, निर्देशिका एवं कार्यविधिको अधिनमा रही गर्न सक्ने व्यवस्था रहेको छ। नियमित कार्य सञ्चालन प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा र बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ। |
| ज. | निर्णय उपर उजुरी सुन्ने अधिकारी : | निर्णय उपर उजुरी सुन्ने अधिकारीको रुपमा प्रमुख कार्यकारी आधिकृत तथा बैंकको सञ्चालक समिति रहेको छ। |
| झ. | सम्पादन गरेको कामको विवरण : | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम "घ" वर्गका बैंकहरुले गर्ने सेवा सुचारु रुपले सञ्चालन भइरहेको छ। |
| ञ. | सूचना अधिकारीको नाम र पद : | उपनिर्देशक रविन्द्र प्रसाद बराल |
| ट. | ऐन,नियम, विनियम वा निर्देशिकाको सूची : | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नु पर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकको सेवाहरु सञ्चालनका लागि प्रमुख रुपमा रहेका छन्।<br>१. नेपाल राष्ट्र बैंक ऐन, २०५८<br>२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३<br>३. कम्पनी ऐन, २०६३<br>४. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४<br>५. धितोपत्र सम्बन्धि ऐन, २०६३<br>६. करार ऐन, २०५६<br>७. आयकर ऐन, २०५८<br>८. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु<br>९. नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु। |
| ठ. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण : | यस बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिका प्रकाशित हुदैं आएको र बैंकको वेबसाईट http://www.grameenbanknepal.com मा समेत राख्ने गरिएको छ। |

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण

| क.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| क. | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण : | यस बैंकले लघुवित्त सेवा प्रदान गर्ने कार्य गर्दै आएको छ। |
| ख. | सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण | बैंकको वेबसाईट http://www.grameenbanknepal.com रहेको छ। |
| ग. | सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण | यस बैंकको वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेभसाईट समेतमा प्रकाशन गरिएको छ। साथै, बैकको आर्थिक विवरण त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकाहरुमा प्रकाशित गरिनुका साथै बैंकको वेबसाईटमा समेत राख्ने गरिएको छ। |

**नेपाल ग्रामीण विकास बैंक लि.**
**प्रधान कार्यालय, बुटवल**
**(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)**
फोन नं.०७१-४३८९५१, ४३८९५३, फ्याक्स नं. : ०७१-४३८९५४ वेभसाइट : www.grameenbanknepal.com